# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गजेहडा, कपिलवस्तु
५ नं प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

<u>सूचना प्रकाशित मिति : २०७६/०४/१०</u>

बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कपिलवस्तुले स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाको निर्णय बमोजिम तपशिलमा उल्लेखित आय शिर्षकहरुमा निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०७६/०७७ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक दर्तावाला फर्म/व्यक्तिहरुबाट आफूले लिन चाहेको ठेक्काको वोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरी यो सूचना प्रकाशन भएको मितिले तपशिलमा उल्लेखित समयभित्र वोलपत्र फारम खरिद गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक, जीतपुर शाखामा रहेको ०४१५६०१२९५६५६०१७ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप गरी तोकिएको दिनको १२ : ०० वजेभित्र E Bidding मार्फत वा यसै कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएकोछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने लगायतका सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

### तपशिल :

| ठे.न. | कर दस्तुरको विषय (शिर्षक) | कार्यालयको न्यूनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| १. | नगरपालिका भित्र उत्पादन भै बाहिर निकासी हुने पशुजन्य, वनजन्य र अन्य उत्पादन : | ७,००,०००।- | १,०००।- |

**शुल्क लिने दररेट :**

| विषय | ईकाई | दर |
|---|---|---|
| पशुजन्य उत्पादन (नगर भित्र उत्पादन भै बाहिर निकासी हुने।) | | |
| ठूलो जाती चौपाया (राँगा, गोरु, भैंसी आदि) | प्रति गोटा | रु. १०।०० |
| सानो जाती चौपाया (बाख्रा, बोका, बंगुर, सुँगुर आदि) | प्रति गोटा | रु. ५।०० |
| पंक्षीजन्य उत्पादन | | |
| कुखुरा चल्ला, बट्टाई | प्रति गोटा | रु. ०।२५ |
| कुखुरा, हाँस, लौकाट, अन्य पंक्षीजन्य वस्तु | प्रति गोटा | रु. १।०० |
| अण्डा | प्रति क्यारेट | रु. १।०० |
| काठजन्य उत्पादनः (नगर भित्र उत्पादन भै बाहिर निकासी हुने) | | |
| साल र सिसौ काठ चिरान, गोलिया, जर्ना | प्रति ट्रक | रु. ३००।०० |
| अन्य काठ चिरान, गोलिया, जर्ना | प्रति ट्रक | रु. २००।०० |
| बाँस | प्रति गोटा | रु. ०।५० |
| अन्य उत्पादन (नगरमा उत्पादन भै बाहिर निकासी हुने) | | |
| बनकस (खर ,वावियो, छवाली, पराल, धानको भुस, बगास, अम्लिसो कुचो, उखुको खोया) | प्रति गाडा<br>प्रति ट्र्याक्टर<br>प्रति ट्रक | रु. १०।००<br>रु. ५०।००<br>रु. १००।०० |
| ब्रान | प्रति क्यून्टल | रु. २।०० |
| पिना | प्रतिं क्यून्टल | रु. २।०० |
| भेली | प्रति क्यून्टल | रु. १।०० |
| सालको विया | प्रति के.जी. | रु. ०।५० |

| ठे.न. | कर दस्तुरको विषय (शिर्षक) | कार्यालयको न्यूनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| २ | कबाडी मालसामान : | ३,००,०००।- | १,०००।- |

**शुल्क लिने दररेट :**

| सि.न. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | खाली सिसी (वियर) बोतल | प्रति गोटा | रु.५० पैसा |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल भन्दा माथी | प्रति गोटा | रु.५० पैसा |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल भन्दा तल | प्रति गोटा | रु.५० पैसा |
| ४. | प्लाष्टिक (बोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल, ग्यालेन र जर्किन आदि | प्रति के.जी | रु.७५ पैसा |
| ५. | खाली बोरा | | |
| | क) ५० के.जी सम्म खाद्यान्न अटने प्लाष्टिक बोरा | प्रति गोटा | रु.५० पैसा |
| | ख) ५० के.जी सम्म खाद्यान्न अटने जुटको बोरा | प्रति गोटा | रु.२५ पैसा |
| | ग) १०० के.जी सम्म खाद्यान्न अटने जुटको बोरा | प्रति गोटा | रु.५० पैसा |
| ६. | तेलको टिन | | |
| | क( १० लि. भन्दा बढि अट्ने ठुलो | प्रति गोटा | रु १।५० |
| | ख) १० लि. भन्दा कम अट्ने सानो | प्रति गोटा | रु.७५ पैसा |

**ख) पुन प्रशोधन गरि पुन प्रयोग हुन सक्ने कवाडी समानहरु :**

| सि.न. | नाम | इकाई | दर |
|---|---|---|---|
| १. | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुक्रा) | प्रति के.जी | रु. १।०० |
| २. | गार्मेण्टको कपडाको टुक्रा | प्रति के.जी | रु. १।५० |
| ३. | जलेको मोविल | प्रति लिटर | रु.७५ पैसा |
| ४. | जुट र कार्पेटका टुक्रा | प्रति के.जी | रु.५० पैसा |
| ५. | टायर टयूव | प्रति के.जी | रु. १।०० |
| ६. | थोत्रो टिन | प्रति के.जी | रु.५० पैसा |
| ७. | पुरानो ड्रम | प्रति के.जी | रु.५० पैसा |
| ८. | पुराना कागज | | |
| | क) अखवार (न्युजप्रिन्ट) | प्रति के.जी | रु.५० पैसा |
| | ख) अन्य कागज (कार्टुन समेत) | प्रति के.जी | रु.७५ पैसा |
| ९. | धातुका टुक्रा हरु र पत्रु भई काम नलाग्ने भएको धातु सामानहरु | | |
| | क) फलाम | प्रति के.जी | रु. १।५० |
| | ख) अन्य धातु (पित्तल, तामा, आदी) | प्रति के.जी | रु. २।०० |
| | ग) थोत्रीएर काम नलाग्ने मेशिनरी औजार | प्रति के.जी | रु. १।५० |
| १०. | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी | रु.७५ पैसा |
| ११. | सिसा (लिड) को धुलो र टुक्राहरु | प्रति के.जी | रु. ३।५० |
| | प्रचलित कानुनले निषेधित गरे बाहेको पछिहरु जस्तै कुखुरा, हास जस्ता पंछिहरुको प्वाख | प्रति के.जी | रु. १।५० |
| १२. | **हाड सिंग खुर** | | |
| | हाड | प्रति के.जी | रु. १।०० |
| | सिंग, खुर | प्रति के.जी. | रु. २।०० |
| १३. | **छाला** | | |
| | छाला ठूलो | प्रति के.जी | रु. ३०।०० |
| | छाला सानो | प्रति के.जी | रु. १५।०० |
| १४. | माथि उल्लेख नभएका अन्य कबाडी मालसमानहरु | प्रति के.जी | रु. १।०० |

| ठे.न. | कर दस्तुरको विषय (शिर्षक) | कार्यालयको न्यूनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| | | ५,००,०००।- | १,०००।- |
| ३. | विज्ञापन कर : | | |

शुल्क लिने दररेट :

| सि.न. | विवरण | दर (रु.मा) |
|---|---|---|
| १. | सार्वजनिक स्थलमा होर्डिङ बोर्ड तथा प्रचार प्रसार प्रति वर्गफिट | ७० |
| २. | निजी स्थानमा होर्डिङ बोड तथा प्रचार प्रसार प्रति वर्गफिट | ५० |
| ३. | वाल पेन्टिङ, प्रति वर्गफिट | १५ |
| ४. | माइकिङ गाडी वा रिक्साबाट प्रति दिन | २०० |

| | | |
|---|---|---|
| ५. | डिजिटल बोर्ड प्रति बर्ग फिट सार्वजनिक स्थलमा | १०० |

| ठे.न. | कर दस्तुरको विषय (शिर्षक) | कार्यालयको न्यूनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| ४. | भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क (एक तह प्रशोधन भएको नदिजन्य पदार्थको नगर बाहिर निकासी) | १,५०,००,०००।- | ३,०००।- |

**शुल्क लिने दररेट :**

१. एक तह प्रशोधन भएको वालुवा र सबै प्रकारको नेचुरल गिट्टि प्रति क्यू.फिट रु. ।८९ पैसा

२. क्रसिंग गरिएको सबै प्रकारको गिट्टि प्रति क्यू.फिट रु.३।-

| | |
|---|---|
| बोलपत्र बिक्री तथा दर्ता हुने अन्तिम मिति र समय | क) मिति २०७६/०५/१० गते कार्यालय समय भित्र बिक्री र सो को भोलिपल्ट १२.०० सम्म दर्ता। |
| बोलपत्र दर्ता गर्ने स्थान | बाणगंगा नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु |
| बोलपत्र खोलिने स्थान, मिति र समय | बाणगंगा नगरपालिकाको कार्यालय कपिलवस्तु, बोलपत्र दर्ता भएको दिनको ठीक २.०० वजे |

**शर्त तथा बन्देजहरु :**

१. संघ, प्रदेश सरकार र नगरपालिकाले बेला बेलामा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

२. ठेकेदार र नगरपालिका कार्यालय वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ।

३. बोलपत्र फारम खरीद गर्दा फर्म दर्ता, स्थायी लेखा नम्वर (मुल्य अभिबृद्धि कर दर्ता समेत) र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. मु.अ.कर, आयकर तथा अन्य कुनै कर, शुल्क लागेमा ठेकेदार आफैले व्यहोर्नु पर्नेछ।

५. ठेक्काको सम्झौताका बखत आफुले कवोल गरेको ठेक्का अंकको ४० प्रतिशतले हुने रकम, अग्रीम आयकर वापतको रकम र मु.अ.कर एकमुष्ट जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत मध्ये कर सहितको दोश्रो किस्ता ३० प्रतिशतले हुने रकम २०७६ साल पौष मसान्त भित्र र तेश्रो किस्ता वापत ३० प्रतिशतले हुने रकम २०७६ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ। ठेक्का सम्झौताका बखत बाँकी ६० प्रतिशत रकम बराबरको नेपाल राष्ट्रबैक बाट मान्यता प्राप्त वाणिज्य बैकको २०७७ आषाढ मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। तर ठेक्का अंकको सम्पूर्ण रकम सम्झौताका बखत एकमुष्ठ नगद दाखिला गर्न चाहेमा १० प्रतिशतले हुने रकम छुट दिइने छ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फवाट ठेक्का तोडी बांकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ।

७. बोलपत्र दाताले उपर्युक्त ठेक्काहरु छुट्टा छुट्टै खरीद गरी छुट्टा छुट्टै उल्लेख गरी पेश गर्नु पर्नेछ। बोलपत्रमा लेखिएको अँक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।

८. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नक्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको पाईएमा पहिलो पटक रु. ५,०००।-, पुनः दोहोरिएमा पटकै पिच्छे रु. १०,०००।- जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ।

९. कर असुली वस्तु उत्पादन हुने सम्बन्धित ठाउंमा मात्र गर्नुपर्ने छ। राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरुमा ढांट राखी कर लिन पाईनेछैन। साथै दररेट सहितको साईनवोर्ड सम्बन्धित घाटमा राख्नुपर्नेछ।

१०. ठेक्का स्वीकृत भई सम्झौता पश्चात संघ र प्रदेश सरकार, नगरपालिका वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनैपनि बन्द, हडताल जस्ता मानव सृजित कारणवाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन।

११. वोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन तोकिएको समयमा नै क्रमशः खरिद तथा दाखिला गर्न सकिनेछ।

१२. नगरपालिकाको क्षेत्रभित्रको काठ निकासी ठेक्कामा सम्बन्धित डिभिजन वन कार्यालयको चलानीको आधारमा कर असुल गर्नुपर्नेछ। पशुजन्य, वनजन्य/अन्य उत्पादनको कर असुली गर्दा नगरपालिकामा उत्पादन भै बाहिर निकासी हुने बखतमा मात्र कर असुल गर्नु पर्नेछ।

१३. विज्ञापन कर असुल गर्दा नगरपालिकाको क्षेत्रभित्र निजी एंव सार्वजनिक स्थानहरुमा गरिएको विज्ञापनमा तोकिएको दररेटको अधीनमा रहि असुल उपर गर्नु पर्नेछ। विज्ञापनदाताले नगरक्षेत्रभित्रबाट विज्ञापन हटाएमा कर असुल गर्न पाईने छैन।

१४. यो सूचनामा उल्लेख भएकोमा यसै वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

बाबुराम भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

F:\Rajaswa Shanta Raj\Bolpatra Suchana\Bolpatra suchana -2076.doc